पाल्हीनन्दन गाउँपालिका
Palhinandan Rural Municipality
गाँउ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
कुश्मा, नवलपरासी (ब.सु.प.),लुम्बिनी प्रदेश
Kushma, Nawalparasi (Ba.Su.Pa.), Lumbini State,

पत्र संख्या (Letter No.) :
चलानी नं. (Ref. No.) : ३१८५

मितिः-२०८२/१२/२२

**विषयः-बैदेशिक रोजगार सन्तती छात्रवृत्तिका लागि निवेदन दिने म्याद थप गरिएको सूचना ॥**

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, बैदेशिक रोजगार बोर्डको सचिवालयका पत्र संख्या २०८२/०८३ ने.सं. ११४६ मितिः२०८२/१२/१६ को प्राप्त पत्रानुसार छात्रवृत्तिका लागि निवेदन पेश गर्ने म्याद मिति २०८३ बैसाख ६ गते आईतवार सम्मका लागि थप गरिएको सूचना प्रकाशित गरिएको छ। म्याद थप गरिएको अवधि भित्र बैदेशिक रोजगार सन्तती छात्रवृत्ति सहायतका लागि निवेदन दिनका लागि सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गारिएको छ । साथै मिति २०८२/१२/१५ गते सम्म बैदशिक रोजगार बोर्डको सचिवालयबाट अंगभंग वा गम्भिर बिरामी तथा मृत्यु भै शतप्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका परिवारले समेत आवेदन दिन सक्ने व्यहोरा सूचित गरिन्छ। थप जानकारीका लागि यस पालिकाका रोजगार संयोजक वा श्रमाधान कल सेन्टर ११४१ मा सम्पर्क गर्न सकिनेछ।

**आवश्यक कागजात**

क) निवेदन,
ख) श्रमिकको राहदानीको प्रतिलिपी वा राहदानी खुल्ने कागजात,
ग) छात्र/छात्रा वा निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र बैंक खाता,
घ) श्रमिकको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपी र श्रमिकको अंगभंग वा गम्भिर बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणाको प्रतिलिपी,
ङ) छात्र/छात्रा र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिंलिपी,
च) सम्बन्धि स्थानिय तहको सिफारिसको प्रतिलिपी,
छ) श्रमिक करार अवधिभित्र अंगभंग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको कागजात,
ज) निवेदकको जन्म दर्ता प्रमाणापत्रको प्रतिलिपि ।



CamScanner